प्रदेश सरकार
लुम्बिनी प्रदेश
आर्थिक मामिला तथा सहकारी मन्त्रालय

# सहकारी प्रशिक्षालय

नेपालगञ्ज, बाँके

पत्र संख्या:-२०७८/०७९ मिति:२०७८/०९/२०
चलानी नं:- ६०

विषय :- तालिममा सहभागी मनोनयन गरी पठाई दिनुहुन ।

श्री जिल्ला सहकारी संघ लि., बाँके, बर्दिया, दाङ, कपिलवस्तु, पाल्पा, अर्घाखाँची, प्यूठान, गुल्मी, रुपन्देही, नवलपरासी पश्चिम, रोल्पा, पूर्वीरुकुम
लुम्बिनी, प्रदेश ।

सहकारी प्रशिक्षालय, बाँकेबाट मिति **२०७८/०९/२६ देखि २०७८/०९/२८** गते सम्म सन्चालन हुने ३ दिने पुनर्ताजगि तालिममा त्यहाँका सवै विषयगत संघहरुसंग समन्वय गरी **प्रदेश स्तरिय कार्यक्षेत्र भएका सहकारी संस्थाहरु मध्येबाट मात्र** तपसिलमा उल्लेखित बुँदाहरु अनुरुप हुने गरी फरक फरक सहकारी संस्थाबाट दुई (२) जना सहभागी छनौट गरी पठाइदिनुहुन अनुरोध छ । तालिममा सहभागी हुने प्रशिक्षार्थीहरु मिति २०७८/०९/२५ गते साँझसम्म सहकारी प्रशिक्षालय, बाँकेमा उपस्थित हुनुपर्नेछ ।

## सहभागी छनौट र सुविधा सम्वन्धी व्यवस्था

१. सहभागीहरुलाई प्रदेश सरकार, लुम्बिनी प्रदेशको दररेट अनुसार आतेजाते बसभाडा र तालीम अवधिमा दैनिक भत्ता र दिउँसोको चिया तथा खाजा उपलब्ध गराइनेछ । साथै तालिम अवधिभर सहभागीको लागि आवासको व्यवस्था गरिएको छ ।
२. भ्रमण भत्ता उपलब्ध गराउँदा सम्वन्धित जिल्लाको सदरमुकामदेखि तालिम संचालन हुने स्थानसम्मको मात्र भ्रमण भत्ता प्रदान गरिनेछ । दैनिक भ्रमण भत्ताका अतिरिक्त अन्य कुनै किसिमको होटल बास खर्च उपलब्ध हुनेछैन ।
३. सहभागी छनौट गर्दा ***समावेशीकरणको*** आधारमा र सकृय रुपमा कारोवार सञ्चालन गरिरहेका, सहकारी मूल्य, मान्यता र सिद्धान्तको पालनातर्फ सचेत संघ/संस्था मध्येबाट **यस अघि सहकारी व्यवस्थापन तालिम लिइसकेका संचालक/व्यवस्थापक/कर्मचारीलाई मात्र छनौट गर्नुपर्नेछ ।**
४. सम्वन्धित जिल्ला सहकारी संघबाट नाम र पद खुलेको पत्र लिई आउने सहभागीलाई मात्र तालिममा समावेश गराउन सकिनेछ ।
५. कुनै कारणवश सहभागी पठाउन नसक्ने अवस्था भएमा सोको जानकारी तालिम शुरु हुने मिति भन्दा कम्तिमा दुई दिन अगाडि यस कार्यालयलाई दिनुपर्नेछ ।
६. छनौट भई आउने सहभागीले साथमा बच्चा लिई आउने परिस्थिति भएमा हेरालुको व्यवस्था स्वम् गर्नुपर्नेछ । हेरालुलाई यस कार्यालयबाट कुनै प्रकारको थप सुविधा वा आर्थिक दायित्वको व्यवस्था हुने छैन ।
७. तालिम सञ्चालन हुने स्थान: सहकारी प्रशिक्षालय, नेपालञ्ज, बाँकेको तालिम हल ।

**(कारकाँदो पशुपतिनगर SK पेट्रोल पम्पबाट २०० मिटर पश्चिम)**
समय: विहान ठिक १०:०० बजे सम्पर्क : परागमान चौधरी (९८४८१९८८६९)
८. थप जानकारीको लागि गोपाल पौडेल (९८५७८३५६४५)

(विनोद कुमार पौडेल)
नि. प्राचार्य

**नोट :**
१. १ प्रति पासपोर्ट साइजको फोटो ।
२. www.ctcbanke.gov.np मा login गरी सहभागी छनोटको लागि फारम भर्ने व्यवस्था समेत रहेको छ ।

**बोधार्थ:**
श्री आर्थिक मामिला तथा सहकारी मन्त्रालय,
लुम्बिनी प्रदेश, मुकाम: बुटवल । :- जानकारीको लागि अनुरोध छ ।